राष्ट्रिय दैनिक

# समाचार दैनिक


जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २०३ २०८२ फागुन १३ गते बुधवार (25 Feb. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## ३ महिनामा ६१४ ले त्यागे नागरिकता



दैनिक समाचारदाता
काठमाडौं १२ फागुन । पछिल्लो तीन महिनामा ६१४ जनाले नेपाली नागरिकता त्यागेका छन् ।

गृह मन्त्रालयले हालै प्रकाशन गरेको दोस्रो प्रगतिविवरण अनुसार ६१४ जनाले नागरिकता त्याग गरेका छन् । यस अवधिमा ५६ हजार १३४ जनाले आफ्नो नागरिकतामा रहेको डाटा सुधार वा विवरण संशोधन गरेका छन् ।

गृह मन्त्रालयका अनुसार विदेशमा स्थायी रुपमा नै बसोबास गर्नेगरी विदेश गएका र विदेशको नागरिकता लिन नेपालको नागरिकता त्याग गर्नेहरू छन् । वैदेशिक रोजगारी, उच्च शिक्षा र विकसित मुलुकमा स्थायी बसोबास गर्ने उद्देश्यले नेपाली नागरिकता त्याग्नेहरू छन् । एनआरएन ( गैरआवासीय नेपाली) नागरिकता लिने प्रक्रिया र विदेशी नागरिकसँगको विवाहले गर्दा पनि नागरिकता परित्याग गर्नेहरू छन् ।

अमेरिका, क्यानडा, युरोप जस्ता देशहरूमा बस्न र त्यहाँको नागरिकता/सुविधा लिनका लागि आफ्नो देशको नागरिकता त्याग्नुपर्ने हुन्छ । विदेशी नागरिकसँग विवाह गरी विदेशमा बस्नेहरूले पनि आफ्नो देशको नागरिकता त्याग्ने गर्छन् ।अध्ययन तथा रोजगारीको अवसरका लागि विकसित देशहरूमा स्थायी बस्ने योजना बनाएर पनि नेपालको नागरिकता त्याग गर्नेहरू छन् । नेपालको कानुनले दोहोरो नागरिकताको मान्यता नदिने भएकाले विदेशी नागरिकता लिने प्रक्रियामा नेपाली नागरिकता त्याग्नु अनिवार्य हुन्छ । तथ्यांकअनुसार तीन महिनाको अवधिमा कूल दुई लाख दुई हजार ९५६ वटा नागरिकता जारी भएको छ । वंशजको नागरिकता प्राप्त गर्नेको संख्या एक लाख १९ हजार १२ छ । २६ जनाले अंगीकृत नागरिकता लिएका छन् भने वैवाहिक अंगीकृत नागरिकता लिनेको संख्या तीन हजार ३४० रहेको छ ।

# १,२१३ उम्मेदवारद्वारा छुट्टै बैंक खाता सञ्चालन

दैनिक समाचारदाता
काठमाडौँ, १२ फागुन । यही फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै हालसम्म एक हजार दुई सय १३ जना उम्मेदवार र नौ राजनीतिक दलले निर्वाचन खर्च व्यवस्थापनका लागि छुट्टै बैंक खाता सञ्चालनमा ल्याएका छन्। निर्वाचन आयोग ले उक्त जानकारी दिएको हो।

हालसम्म खाता सञ्चालन गर्ने दलहरूमा नेपाली कांग्रेस, राष्ट्रिय जनमोर्चा पार्टी, नेकपा संयुक्त, नेपाली कम्युनिस्ट पार्टी, नेपालका लागि नेपाली पार्टी, जनता समाजवादी पार्टी, संयुक्त नागरिक पार्टी, मितेरी पार्टी र नेपाल जनता संरक्षण पार्टी रहेका छन्। आयोगका सहायक प्रवक्ता कुलबहादुर जिसीका अनुसार निर्वाचन अवधिभर हुने सम्पूर्ण आर्थिक कारोबार पारदर्शी बनाउन उम्मेदवार र दलहरूलाई अनिवार्य रूपमा अलग बैंक खाता खोल्न निर्देशन दिइएको थियो।

आयोगले निर्वाचन प्रयोजनका लागि छुट्टै खाता सञ्चालन गर्ने व्यवस्था अनिवार्य गरेको स्पष्ट पार्दै अटेरी गरे कानुनी कारबाहीको भागी हुनुपर्ने जनाएको छ। निर्वाचन खर्चको पारदर्शिता कायम गर्न तथा आचारसंहिताको प्रभावकारी कार्यान्वयन सुनिश्चित गर्न बैंक खाता अनिवार्य गरिएको सहायक प्रवक्ता जिसीले बताए। यस व्यवस्थाले निर्वाचन गतिविधि थप व्यवस्थित र निगरानीयोग्य बन्ने आयोगको विश्वास छ।

फागुन २१ गते हुने निर्वाचनमा पहिलो हुने निर्वाचित हुने प्रणालीतर्फ ६१ वटा निर्वाचन चिन्हसहित ६५ राजनीतिक दल सहभागी छन् भने समानुपातिक निर्वाचन प्रणालीतर्फ ५७ वटा निर्वाचन चिन्हसहित ६३ राजनीतिक दल प्रतिस्पर्धामा छन्।

## चुनाव सर्ने हल्लाप्रति एमालेको आपत्ति

दैनिक समाचारदाता
काठमाडौं १२ फागुन । नेकपा एमालेले फागुन २१ का प्रतिनिधिसभा निर्वाचन सर्ने हल्ला



चलाइएकामा आपत्ति जनाएको छ । मंगलबार नियमित पत्रकार सम्मेलनमा एमालेको निर्वाचन प्रचारप्रसार समितिका संयोजक मीनबहादुर शाहीले अब निर्वाचन सार्ने कुरामा एमाले सहमत नभएको बताएका हुन् ।

'अहिले निर्वाचन सर्ने जुन हल्ला चलाइएको छ । त्यसप्रति नेकपा एमालेको गम्भीर ध्यानाकर्षण भएको छ,' शाहीले भने, 'पुनः दोहोऱ्याउन चाहन्छु( निर्वाचन समयमा हुनुपर्छ ।'एमाले कुनै पनि बहानामा चुनाव सार्ने नभई फागुन २१ मै निर्वाचन हुनुपर्छ भन्ने पक्षमा अडिग रहेको उनले बताए ।'कुन कोणबाट, कुन दृष्टिकोणबाट, कुन राजनीतिक उद्देश्यका साथ चुनाव सार्ने हल्ला फैलाइँदैछ ? यसको भित्री उद्देश्य के हो ? एमालेले यसबारे गम्भीर चासो राखिरहेको छ,' शाहीले भने ।

## निर्वाचनका लागि चीनले ४० लाख डलर सहयोग गर्ने

काठमाडौं, १२ फागुन । आगामी निर्वाचनका लागि चीनले ४० लाख अमेरिकी डलर प्रदान गर्ने भएको छ । अनुदानस्वरुप प्राप्त हुने उक्त रकम स्वीकार गर्ने निर्णय मन्त्रिपरिषद् बैठकले गर ेको छ ।

सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालका अनुसार, बैठकले चालु आर्थिक वर्षको बजेट तथा कार्यक्रममा उल्लेख भएबमोजिम बूढीगण्डकी जलाशययुक्त आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने निर्यण गरेको छ ।

साथै बैठकले काठमाडौं जिल्ला अदालतका मुख्य न्यायाधीश दीवाकर भट्टलाई काठमाडौं जिल्ला अदालतको कामसमेत हेर्ने गरी उपभोक्ता अदालत काठमाडौंको अध्यक्ष तोक्ने निर्णय गरेको छ ।



मन्त्रिपरिषद्ले बिमा ऐन, २०७९ को दफा १४० बमोजिमको कसुरसम्बन्धी मुद्दाको कारबाही र किनारा गर्न जिल्ला अदालतलाई तोक्ने र २०८३ वैशाख १ गतेदेखि चैत मसान्तसम्मका सार्वजनिक बिदा पनि निर्धारण गरेको छ ।

बैठकले जेनजी परिषद् गठन गर्ने निर्णय पनि गरेको प्रवक्ता अर्यालले जानकारी दिए । रासस




## तनाव व्यवस्थापनका उपायहरू

- नियमित रूपमा ध्यान, योग र व्यायाम गरौं
- परिवार र आफ्ना विश्वासिला साथीसँग खुलेर कुरा गरौं ।
- पर्याप्त निद्रा र आराम गरौं ।
- स्वस्थ र सन्तुलित खाना खाने गरौं।
- आफ्नो रुचिका गतिविधिमा संलग्न हुने गरौं ।
- काम र विश्रामबीच सन्तुलन कायम गरौं।

तनाव व्यवस्थापन गरौं, स्वस्थ जीवन बाँचौं

नेपाल सरकार
विज्ञापन बोर्ड


## अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाइ बिनाको सुत्केरी


को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020



## सम्पादकीय

# महोत्तरीको निर्णयको सन्देश

महोत्तरीमा प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै डिजे साउन्ड सिस्टम र मदिरा बिक्री-वितरणमा लगाइएको प्रतिबन्धलाई सामान्य प्रशासनिक निर्णयका रूपमा मात्र हेर्न मिल्दैन। जिल्ला प्रशासन कार्यालय महोत्तरी ले जारी गरेको सूचनाले हाम्रो चुनावी संस्कृतिको यथार्थ चित्रसमेत उजागर गरेको छ। लोकतन्त्रको सबैभन्दा महत्वपूर्ण अभ्यास निर्वाचन हो, तर विडम्बना के छ भने यसलाई शान्त, मर्यादित र विचारकेन्द्रित बनाउनुको सट्टा तडक-भडक र होहल्लाको प्रतिस्पर्धामा रूपान्तरण गर्ने प्रवृत्ति बढ्दो छ।

चुनावी प्रचारका नाममा गाउँ-सहरमा चर्को आवाजमा डिजे बजाउने, ठूला लाउडस्पीकरमार्फत शक्ति प्रदर्शन गर्ने र रातदिन वातावरण अशान्त बनाउने परिपाटी विगत केही वर्षदेखि तीव्र बन्दै गएको थियो। यसले विद्यार्थीको अध्ययनमा प्रत्यक्ष असर पुऱ्याएको छ भने बिरामी र ज्येष्ठ नागरिकलाई असहज बनाएको छ। सामाजिक सद्भाव र शान्ति-सुरक्षामा समेत नकारात्मक प्रभाव पर्ने अवस्थालाई मध्यनजर गर्दै प्रशासनले हस्तक्षेप गर्नु परेको देखिन्छ। वास्तवमा लोकतन्त्रको उत्सव मनाउने अधिकार कसैलाई पनि अरूको अधिकार हनन गर्ने छुट होइन।

स्थानीय प्रशासन ऐन, २०२८ अन्तर्गत जारी गरिएको प्रतिबन्धले ध्वनि प्रदूषण नियन्त्रणसँगै चुनावी वातावरणलाई मर्यादित बनाउने प्रयास गरेको छ। आदेश उल्लंघन गरे उपकरण जफत गर्ने र कानुनी कारबाही गर्ने चेतावनीले यसपटक प्रशासन गम्भीर रहेको संकेत दिएको छ। तर प्रश्न के उठ्छ भने–के यस्ता निर्णय केवल निर्वाचनका बेला मात्र आवश्यक हुन्छन ? यदि ध्वनि प्रदूषणले नागरिक जीवनमा स्थायी समस्या सिर्जना गरिरहेको छ भने त्यसको दीर्घकालीन समाधानतर्फ किन ध्यान नदिने? चुनावले मात्र होइन, दैनिक जीवनले पनि शान्त वातावरणको माग गर्छ।

यसैगरी, निर्वाचन अवधिमा मदिरा बिक्री-वितरणमा लगाइएको निषेधलाई पनि सुरक्षा र अनुशासनसँग जोडेर हेर्नुपर्छ। विगतका अनुभवले देखाएका छन् कि मदिरा सेवनले चुनावी झडप, विवाद र असामान्य गतिविधि बढाउने जोखिम रहन्छ। त्यसैले सीमित अवधिका लागि गरिएको निषेधले भयर हित र निष्पक्ष वातावरण निर्माणमा सहयोग पुऱ्याउन सक्छ। राजनीतिक दल, सुरक्षा निकाय र प्रशासनबीचको समन्वय बैठकबाट यस्तो निर्णय हुनु सकारात्मक पक्ष हो, किनकि निर्वाचन केवल प्रशासनको होइन, सबै सरोकारवालाको साझा जिम्मेवारी हो।

तर प्रतिबन्ध मात्र पर्याप्त उपाय होइन। चुनावी संस्कार सुधार्न राजनीतिक दलहरूको आत्मअनुशासन अपरिहार्य छ। विचार, नीति र कार्यक्रमका आधारमा मतदाता आकर्षित गर्नु लोकतान्त्रिक अभ्यास हो; ध्वनि र मदिराको सहारामा भीड जम्मा गर्नु होइन। यदि दलहरूले स्वयं मर्यादा पालन गर्ने हो भने प्रशासनलाई कठोर आदेश जारी गर्नुपर्ने अवस्था नै सिर्जना हुँदैन। त्यसैले यो निर्णय दलहरूका लागि पनि आत्ममन्थनको अवसर हो।

होटल व्यवसायी, मदिरा व्यापारी र सर्वसाधारणबाट सहयोगको अपेक्षा गरिएको छ। केही दिनको असुविधा सहेर लोकतान्त्रिक प्रक्रियालाई सुदृढ बनाउन योगदान दिनु सबैको कर्तव्य हो। साथै, प्रशासनले पनि कार्यान्वयनमा निष्पक्षता र पारदर्शिता कायम गर्नुपर्छ। कानुन सबैका लागि समान रूपमा लागू भए मात्र यसको नैतिक आधार बलियो रहन्छ।

अन्ततः निर्वाचनको सफलता चर्को ध्वनि, रंगीन जुलुस वा भीडको आकारले मापन हुँदैन; त्यो मतदाताको स्वतन्त्र, सचेत र निर्भीक सहभागिताले निर्धारण हुन्छ। महोत्तरीमा गरिएको डिजे तथा मदिरा निषेधको निर्णयलाई नियन्त्रणको उपायभन्दा पनि लोकतान्त्रिक अनुशासन स्थापनातर्फको कदमका रूपमा लिनुपर्छ। यदि यसले शान्त, सभ्य र भयरहित वातावरण निर्माणमा सहयोग पुऱ्यायो भने यो निर्णय केवल अस्थायी प्रतिबन्ध होइन, लोकतान्त्रिक संस्कार सुधारको सन्देश बन्न सक्छ।

# बिजुली हुँदाहुँदै किन ग्यासको कुरा ?



सुशीलबहादुर कार्की

२०७३ कात्तिकसम्म लगभग ११ वर्ष मुलुक चरम लोडसेडिङको मारमा रह्यो। कम विद्युत् उत्पादन मात्रै नभई पछिल्लो समय १८ घण्टासम्म लोडसेडिङ हुनुको कारण तत्कालीन व्यवस्थापनको चरम कुव्यवस्थापन पनि रहेछ भनेर असोज २०७३ मा कुलमान घिसिङ नेपाल विद्युत् प्राधिकरणको नेतृत्वमा आई लोडसेडिङ क्रमशः घटाई वैशाख २०७५ देखि मुलुक नै लोडसेडिङमुक्त भएको घोषणा गरेपछि जानकारीमा आयो।

कात्तिक २०७८ देखि भारतमा बिजुली निर्यात गर्न थालेर त्यस्तो चरम लोडसेडिङबाट ग्रसित मुलुक पाँचै वर्षमा बिजुली निर्यात गर्ने मुलुकमा रूपान्तरण भयो। त्यति मात्रै नभई अर्को तीन वर्षमा कात्तिक २०८१ देखि त बङ्गलादेशमा समेत निर्यात गर्न थाल्यो। यसरी गत दुई वर्षदेखि अन्तर्राष्ट्रिय रूपमा दुई मुलुकमा विद्युत् निर्यात गर्ने मुलुकमा गनिएको छ हाम्रो नेपाल। यहाँबाट बिजुली निर्यात हुनु त्यो पनि दुई-दुई राष्ट्रमा, ऊर्जा क्षेत्रमा भएको ठूलो प्रगतिको सूचक हो र सुखद समाचार पनि।

जलविद्युत्को क्षेत्रमा नेपाललाई पूर्णतः लोडसेडिङमुक्त मुलुकबाट निर्याततर्फको यात्रा तय गर्न साढे तीन वर्ष मात्र लागेछ। बिजुली उत्पादनमा मुलुकले यत्रो प्रगति गरिसक्दा पनि हालसालै आएको एक पूर्वप्रधानमन्त्रीको चुनावी अभिव्यक्तिले भने विद्युत्को विकासमा लागेका र आम जनतालाई झस्काएको छ।

हालसालै पूर्वप्रधानमन्त्री केपी ओलीले प्राइम टेलिभिजनलाई दिएको एक अन्तर्वार्तामा भने, 'यो चुनावपछि बहुमत ल्याएर म प्रधानमन्त्री भएँ भने ६ महिनाभित्र ग्यास वितरण गर्छु। यो रेकर्डमा रहोस् ।'

पूर्वप्रधानमन्त्रीको यो वाचाले मुलुकलाई विद्युत्मय बनाउनुपर्छ भन्नेहरू दिग्भ्रमित हुन पुगेका छन्। चुनावको समयमा आफ्ना मतदातालाई आश्वस्त पार्न यस्ता भनाइहरू आउनु ठूलो कुरो त भएन। तर पटक-पटक देशको नेतृत्व गरेका र सर्वज्ञानी व्यक्तित्वबाट यस्तो भनाइ आउनुले विद्युत् उत्पादन, वितरण र खपतका क्षेत्रमा 'कन्फिडेन्ट' हुने बेला अझै भएको छैन कि भनेर बुझ्नुपर्ने संशय पैदा भएको छ।

कुनै दुर्गम जिल्लाको दुर्गम गाउँमा नभई दमकजस्तो विकसितमध्येको तराईको एउटा क्षेत्रमा यस्तो आवाज किन उठ्दै छ? वाक्पटुतामा पोख्त उनलाई पछि कार्यान्वयन हुन नसके, 'बहुमत आएको भए पो?' भन्ने जस्ता ओठे जवाफ दिएर टार्न कसैले छेक्दैन। तर यहाँ मूल प्रश्न के हो भने पटक-पटक प्रधानमन्त्री भइसकेको व्यक्तिले किन अझै पनि ग्यास जोडिदिन्छु भन्दै छन्? किन बिजुलीको कुरा गर्न हिचकिचाउँछन् भन्ने हो।

त्यसैले यसले माथि उल्लेख गरिएको विद्युतीय क्षेत्रमा भएको प्रगति र सकारात्मक सूचक वास्तविक हुन् कि होइनन्? उत्पादित बिजुली जनताले उपभोग गर्नै नपाएको पो हो कि? किन गर्न सकिरहेका छैनन्? के ग्यास वितरण बिजुलीभन्दा सस्तो, छिटो र भरपर्दो हुन्छ? अनि ६ नै महिनामा घरघर वितरण गर्न सकिने भए अहिले किन नभएको होला? जस्ता प्रश्न जन्मिएका छन् र यसमा गम्भीर बहस हुन जरुरी छ।

भनिरहनु पर्दैन, नेपालको भान्साको परम्परागत इन्धन अझै पनि दाउरा हो र थियो। समयक्रममा यसलाई चुनौती दिन मट्टितेल त्यसपछि बिजुली र ग्यास आइपुगेका छन्। यी विकल्पले कतिपय भान्सामा दाउरा विस्थापित नै गरे भने कतिपय भान्सामा एक-अर्काले सेयर गर्दै छन्। तर दाउरामै निर्भर रहने जनसङ्ख्या अझै पनि अधिक रहेको (५३.६ प्रतिशत) त्यसपछि ग्यासमा ४१.९ र बायोग्यास १.२ आदिपछि मात्र अन्त्य-अन्त्यमा विद्युतीय चुल्होमा मात्र ०.७ प्रतिशत रहेको उदेकलाग्दो तथ्याङ्क हालसालै राष्ट्रिय तथ्याङ्क कार्यालयले प्रकाशित गरेको 'बहुसूचक सर्वेक्षण प्रतिवेदन' ले देखाएको छ।

ग्रामीण क्षेत्र जहाँ दाउरा मात्र विकल्प रहेको बाहेक, अन्यत्र सहरी, अर्धसहरी क्षेत्रमा व्यावहारिक रूपमा मट्टितेलको प्रयोग अत्यन्त न्यून रहेको छ र अधिकतर रूपमा ग्यास र केहीमा बिजुली प्रयोगमा आएको बुझिन्छ। तर नेपालको दुर्भाग्य, दाउरामा निर्भर बाहेक व्यावहारिक रूपमा कुनै पनि भान्सा एउटै स्रोतमा निर्भर भएर ढुक्कले चलाउन सकिने अवस्थामा छैन। वितरणको सुनिश्चितताको अभावमा सहरी क्षेत्रमा समेत ग्यास चलाउनेले बिजुली र बिजुली चलाउनेले ग्यासलाई विकल्पको रूपमा राख्नैपर्ने अवस्था छ।

गत एक दशकबीच विद्युत्को पहुँच ५८ बाट ९६.७ प्रतिशत घरपरिवारमा पुगेको तथ्याङ्क हुँदा पनि भान्सामा विद्युतीय चुल्हो प्रयोग गर्ने सङ्ख्या ०.७ प्रतिशत मात्र हुनुले हाम्रो विद्युत् निर्यात गर्ने क्षमतालाई गिज्याइरहेको अनुभूति हुन्छ। हाम्रो जडित उत्पादन लगभग ४,१०० मेगावाट पुगेको छ। यसो हुँदा वर्षामा निर्यात गर्न पुगे पनि सुक्खायाममा भने बढीमा १,२०० मेगावाटसम्म मात्र उत्पादन हुँदा झन्डै २,४०० मेगावाटसम्मको 'पिक' माग पूर्ति गर्न भारतबाट आयात गर्नुपर्ने अवस्थाको अन्त्य हुन केही वर्ष लाग्ने देखिन्छ।

विद्युत् आयात पूर्ण रूपमा रोक्न र आन्तरिक उपभोग बढाउन उत्पादन बढाउने दीर्घकालीन र अल्पकालीन योजना त छन् तर पनि व्यक्तिगत र घरेलु उपभोगमा भने अपेक्षित सुधार आउन नसकेको देखिन्छ।

हाल नेपालको बिजुली उपभोग ४५० (२०२३ मा ३३०) किलोवाट आवर वा युनिट प्रतिव्यक्ति प्रतिवर्ष पुग्दा पनि अन्य सार्क मुलुकभन्दा पछाडि नै रहेको छ (अफगानिस्तानबाहेक)। विश्वव्यापी रूपमा हेर्दा विश्व बैंकले २०२३ मा उपलब्ध गराएको पछिल्लो तथ्याङ्कअनुसार सरदर अमेरिकाको १२,५००, युरोपको ७,०००, चीनको ६,५००, भारतको झन्डै १,२०० र सार्क राष्ट्रमध्ये सबैभन्दा बढी माल्दिभ्सको १,५६२ युनिट रहेबाट प्रस्ट हुन्छ हामी विद्युत् निर्यात गर्नेको स्थिति।

त्यसैले हामीले गर्न बाँकी धेरै रहेको प्रस्ट छ। सबैभन्दा महत्त्वपूर्ण हामीले उत्पादन साथै प्रतिव्यक्ति खपत वा उपभोग कसरी बढाउने भन्नेतिर ध्यान दिन जरुरी छ। प्रतिव्यक्ति खपत बढेअनुसार पनि जीवनस्तरमा सुधार आएको मान्न सकिने सूचक बन्न सक्छ। त्यसैले हाम्रो ध्यान समग्र विद्युतीय उत्पादन, प्रसारण, निर्यात साथै आन्तरिक औद्योगिक तथा घरेलु खपतलाई एकसाथ अगाडि बढाउँदै लैजानतिर हुन जरुरी देखिन्छ।

नेपालको विद्युतीय ऊर्जाको मागभित्र हाम्रो भान्सामा चुल्हो बाल्न प्रयोग हुने विद्युत् अझै समावेश नभएको र खासगरी चिम वा बत्ती बाल्नु मात्र आवश्यकता हो भन्ने हिसाब रहेको देखिन्छ। जबकि बत्तीभन्दा भान्सामा हुने उपयोगको अनुपात धेरै हुन्छ र हुनुपर्छ। त्यसैले बिजुलीको मागको हिसाब गर्दा भान्सामा इन्धनको अन्य स्रोतलाई विद्युत्ले विस्थापन गरेर हुने विद्युतीय मागलाई समेत वास्तविक मागको रूपमा पहिचान गर्न जरुरी छ। र यसलाई लक्ष्य बनाउन सके मात्र गृहस्थ तहमा वास्तविक उपभोग मानिन सक्छ।

ढुवानी गर्नु नपर्ने, बोक्नै नपर्ने, थुपारेर जोहो गरेर राख्नु नपर्ने, धुवाँधुलो नहुने, बालिसकेपछि खरानी, गोल जस्ता 'बाइप्रडक्ट'लाई व्यवस्थापन गर्नु नपर्ने, दाउरा जस्तो रूखबिरुवा मास्न, खोज्न र सुकाउन नपर्ने, ग्यास-मट्टितेल जस्ता पूर्णतः आयातित वस्तुभन्दा सस्तो पर्ने र भइरहेको वा एक पटकको लगानीको तारबाट सिधै भान्सामा उपलब्ध हुने बिजुलीको पक्षमा ठूला व्यक्तित्वको आवाज नउठ्नु उदेकलाग्दो छ।

दमक भ्युटावर जस्तो प्रयोगविहीन लगानी हुन नपुगोस् भनी यस्ता भनाइलाई आधार मानेर हामीले विद्युतीय विकासलाई स्थगित वा मार्ग परिवर्तन गरी ग्यासतर्फ मोडिने अवस्था छ कि छैन? यसो गर्नु हितकर हुन्छ कि हुँदैन ठन्डा दिमागले सोचेर, हालसम्मका राष्ट्रिय प्राथमिकता र विद्युतीय क्षेत्रको दीर्घकालीन योजनाहरूलाई समेत मध्यनजर गरेर सरोकारवालाहरूसँग वस्तुनिष्ठ बहस गरेर मात्रै निर्णय गर्नुपर्ने हुन्छ।

### *दलका घोषणापत्रमा घरेलु उपभोग*

विद्युत् उत्पादन बढाउने र व्यक्तिगत उपभोग बढाउने लक्ष्य उज्यालो नेपाल लगायत सबै प्रमुख दलहरूले राखेकै रहेछन् र झन्डै-झन्डै समान पनि नै देखिन्छ। पहिले सत्तामा रहिसकेका ठूला चार दल र नयाँ दल भए पनि ऊर्जा क्षेत्रका अनुभवी सेलिब्रेटी कुलमान घिसिङको उज्यालो नेपाल दलको विद्युत्का क्षेत्रमा दखल भएको चर्चा नगर्नु अपुरो हुन जान्छ। त्यसैले यी दलका योजनाबारे संक्षिप्त अवलोकन गरिएको छ।

विद्युत्को घरेलु उपभोग सम्बन्धमा नेपाली कांग्रेस र नेकपाले प्रतिव्यक्ति विद्युत् खपत उत्ति नै ७५० युनिट पुऱ्याउने, एमालेले दोब्बर (अर्थात् ८००-९०० युनिट), उज्यालोले ८०० युनिट र रास्वपाले १० वर्षमा १५०० युनिट (औसतमा ५ वर्षमा ७५० युनिट मान्न सकिन्छ) गर्दा उही हाराहारीको प्रतिव्यक्ति खपत पुऱ्याउने उद्देश्य देखिन्छ। आउँदो पाँच वर्षमा यही उद्देश्य पूरा भएछ भने पनि वास्तवमा नेपाल दक्षिण एसियाको पुछारमै पर्ने देखिन्छ।

रास्वपाले वाचा नं. ४६ मा घरेलु विद्युत् खपत वृद्धि गर्न वितरण प्रणालीमा सुधार, महसुल पुनर्संरचना, देखिने गरी वृद्धि गराउन गार्हस्थ्य विद्युत् दर निर्धारण गर्ने गर्दै सन् २०३५ भित्र प्रतिव्यक्ति वार्षिक बिजुली खपत १५०० किलोवाट आवर पुऱ्याउने लेखेको छ।

त्यस्तै, एमालेले समृद्धिको १८औँ स्तम्भमा विद्युत् उत्पादन र प्रतिव्यक्ति उपभोग दोब्बर बनाउने उल्लेख गर्दै सबै क्षेत्रको ऊर्जा मागलाई आपूर्ति गर्ने तथा गार्हस्थ्य उपभोगमा विद्युत्को खपतलाई प्रोत्साहित गर्ने ( उल्लेख गरेको छ)।

नेपाली कांग्रेसले भान्सामा विपन्न घरधुरीलाई विद्युतीय चुल्हो अनुदानमा वितरण गर्ने, यसको लागि घरेलु विद्युतीय पूर्वाधारलाई सुदृढ गर्ने, 'बढ्दो खपत, घट्दो महसुल'को अवधारणा लागू गर्ने, आयातित ग्यासको विकल्पमा सहुलियत दरको बिजुली र विद्युतीय चुल्हो प्रवर्द्धन गरी भान्साको मासिक खर्च घटाउने र ग्यासमा दिइने अनुदान वास्तविक गरिब र लक्षित वर्गले पाउने प्रणालीको कार्यान्वयन गर्ने प्रतिज्ञा गरेको देखिन्छ।

तर यो कसरी गर्ने, तथा प्रतिव्यक्ति खपतमा विशेषतः मुलुकभरि उद्योग, कृषि, घरेलु लगायत सबै क्षेत्रमा खपत हुने बिजुलीलाई कुल जनसङ्ख्याले भाग गर्दा आउने फललाई मानिने हुँदा समग्र प्रतिव्यक्ति खपत बढाउने लक्ष्यभित्र पनि घरेलु खपत र त्यसमा पनि भान्सामा इन्धनको रूपमा हुने खपत जसले अन्य स्रोतलाई विस्थापित गरोस् त्यसलाई प्रोत्साहन गर्ने र बढाउने लक्ष्य के-कस्तो छ भन्ने धेरैजसो दलको घोषणापत्रमा स्पष्ट छैन। दलका घोषणापत्रको तुलनात्मक अध्ययन गर्दा भान्साकै विद्युतीय इन्धनलाई केन्द्रमा राखेर खर्च कटौतीसहित समग्र विद्युतीय क्षेत्रबारे तथ्याङ्कसहितको स्पष्ट लक्ष्य भएको, सबैभन्दा यथार्थपरक र मापनयोग्य योजना नेपाली कांग्रेसको घोषणापत्रमा रहेको देखियो। भोटलाई प्रभावित गर्ने नभई यो नितान्त रूपमा दलका घोषणापत्रमा उल्लिखित बुँदाहरूमा आधारित वस्तुगत निचोड हो।

### *अन्त्यमा*

चुनाव झन्-झन् नजिकै आउँदा पूर्वप्रधानमन्त्रीले नेपालको दैलेखमा ग्यास भण्डार फेला परेकै आधारमा ६ महिनामा नेपालीका घरघरमा वा सीधै झापा ५ नम्बर क्षेत्रका बासिन्दाकोमा मात्र कसरी पुऱ्याइदिने हुन् र किन ९६.७ प्रतिशत घरमा जोडिएका बिजुलीका तारबाट हरेक घरमा कमसेकम एउटा विद्युतीय चुल्हो नै राखेर भए पनि र त्यही चुल्हो खरिद गर्न पनि सहुलियत दिएर केही न केही राहत दिने जस्ता योजनाहरू त घोषणापत्रमा नआए पनि दैलेखमा रहेको ग्यास के-कस्तो प्रकारको हो?

केमा कसरी प्रयोग गर्न सकिने हो आदि प्रस्ट नहुँदै एमालेले घोषणापत्रमा यसको "व्यापारिक उत्पादन सुरु गर्ने" लक्ष्य राख्न छुटाएको छैन। यही ग्यास ओलीले चुनाव भएको ६ नै महिनामा कुन जादुले घरघरमा कसरी पुऱ्याइदिने हुन् हेर्न बाँकी छ। बस्, उनको भनाइ चुनावी फन्डा नबनोस्।

चालू आर्थिक वर्षको पहिलो छ महिनामै ग्यास आयात गर्न २७ अर्ब चार करोड बढी खर्च भएको छ। त्यसैले, अब कसैले र कुनै दलले पनि बिजुलीको सट्टा आयातित महँगो ग्यासको दुहाइ दिन नपरोस्। निजी क्षेत्रको समेत संलग्नतामा राम्रो गति लिइरहेको विद्युतीय विकासमा छिर्के हान्ने प्रयास पनि कसैले नगरुन्। सबैभन्दा सुरक्षित आफ्नै उत्पादन अनि उत्पादन वा प्रयोग गरेर कहिल्यै नसकिने बिजुली पहिलो प्राथमिकतामा रहोस्।

दलले राखेका प्रतिव्यक्ति खपतको लक्ष्य लगभग उस्तै नै हुँदा कसैको बहुमत नआई एकमना सरकार बनाउन नसकी गठबन्धनको सरकार बने पनि यो मुद्दा साझा रहने सुनिश्चितता देखिएको छ। त्यसैले सबैको संयुक्त प्रयासले यसको कार्यान्वयन हुन पुगोस् र अबको पाँच वर्षमा आन्तरिक विद्युतीय स्रोतले आयातित ग्यास विस्थापन गर्न सकियोस्।

# मङ्गल ग्रहको साटो चन्द्रमामा बसाउन लागिएको इलोन मस्कको 'आत्मनिर्भर सहर'

चन्द्रमामा १० वर्षभित्रै एउटा 'आत्मनिर्भर सहर' बसाउन सकिन्छ - इलोन मस्कले हालै घोषणा गरेको योजनाले त्यसो भन्छ।

एक्स, टेस्ला र स्पेसएक्स कम्पनीहरूका मालिक तथा विश्वका सबैभन्दा धनाढ्य व्यक्तिमध्येका मस्कले हालै एक्समा एक पोस्ट राख्दै उनको स्पेसएक्स कम्पनीले मङ्गल ग्रहको साटो चन्द्रमामा सहर निर्माण गर्न लागेको उल्लेख गरे। उक्त पोस्टलाई चार करोड पटक हेरियो।

तर मस्कले उनको मन किन परिवर्तन गरे? अनि उनले चन्द्रमामा बसाउने भनेको सहरबारे हामीलाई के थाहा छ?



*सन् १९६० को दशक अनि १९७० को सुरुवाती वर्षहरूमा गरिएका अपोलो अन्तरिक्ष अभियानहरूले हामीलाई चन्द्रमा र उसको उत्पत्तिबारे बुझ्न धेरै मद्दत गरेका थिए*

### *मङ्गलको साटो चन्द्रमा*

चन्द्रमामा बसाइने भनिएको सहरबारे कुनै औपचारिक, विस्तृत एवं मार्गचित्रसहितको योजना छैन। मस्कले सामाजिक सञ्जाल एक्समा केवल आफ्नो दृष्टिकोण राखेका छन्।

उनले त्यहाँ स्थायी मानवबस्ती बसाउने र भावी दिनमा चन्द्रमातर्फ थुप्रै अभियान सञ्चालन हुने हुँदा क्रमशः चन्द्रमामै उपलब्ध स्रोतहरूको प्रयोग गरेर त्यसको विस्तार हुने भनेका छन्।

आफ्नो पोस्टमा मस्कले उक्त योजना पूरा गर्न "चन्द्रमामा १० वर्षभन्दा कम लाग्ने जब कि मङ्गल ग्रहमा २० वर्षभन्दा धेरै लाग्ने" भनेका छन्।

"स्पेसएक्सको अभियानको लक्ष्य उही हो : हामीले बुझेको जीवन तथा चेतनालाई ताराहरूमा विस्तार गर्नु।"

मङ्गल ग्रहमा जाने हो भने ग्रहहरूको अवस्था मिलेको समय कुर्नुपर्ने र त्यस्तो समय २६ महिनामा एकपटक बल्ल आउने उनले उल्लेख गरेका छन्। अनि त्यहाँ जानै पनि छ महिना लाग्ने उनले भनेका छन्।

जब कि उनी भन्छन्, "हामी हरेक १० दिनमा चन्द्रमातर्फ जान सक्छौँ (अनि यात्रा अवधि दुई दिनको मात्र)।"

"त्यसैले मङ्गल ग्रहमा सहर निर्माण गर्नुभन्दा चन्द्रमामा सहर निर्माण गर्नु निकै छिटो हुने छ।"

मङ्गल ग्रहमा सहर विकास गर्नु स्पेसएक्सको लामो समयदेखिको लक्ष्य रहँदै आएको छ र त्यो कायम रहने बताइएको छ। एक्समा लेख्दै मस्कले भने, "आगामी पाँचदेखि सात वर्षमा हामी त्यसको आरम्भ गर्ने छौँ। तर मुख्य प्राथमिकता चाहिँ मानव सभ्यताको भविष्य सुरक्षित पार्नु हो र त्यसका निम्ति चन्द्रमामा काम गर्न छिटो हुन्छ।"

मस्कका प्रशंसक एवं अनुयायीहरूले उनकै कम्पनीको एआई औजार 'ग्रोक'को प्रयोग गरेर चन्द्रमामा बन्ने सहरको प्रारूप कस्तो हुने छ भन्ने चित्राङ्कन गरेका छन्।

यस महिनाको सुरुमा 'वाल स्ट्रीट जर्नल'मा छापिएको समाचारमा पनि स्पेसएक्सले उसका शेअरधनीहरूलाई चन्द्रमाको अभियानलाई प्राथमिकता दिने र मङ्गलग्रहमा अलि पछि अभियानको प्रयास गरिने बताएको उल्लेख थियो। मानवरहित चन्द्र अभियान सन् २०२७ को मार्चका निम्ति तय गरिएको भनेर शेअरधनीहरूलाई बताइएको सो विवरणमा उल्लेख थियो।

यसअघि लामो समयदेखि मस्कले गन्तव्यका रूपमा मङ्गल ग्रहमाथि एकोहोरो ध्यान पुऱ्याइरहेका थिए। गत वर्ष पनि उनले मङ्गल ग्रहमा मानवरहित अभियान सन् २०२६को अन्त्यसम्ममा गरिने योजना सुनाएका थिए।

विद्युतीय गाडी वा चालकरहित गाडीको प्रविधिजस्ता विभिन्न परियोजनाहरूमा महत्त्वाकाङ्क्षी लक्ष्य तोक्ने तर समयमा तिनको कार्यान्वयन नहुने गरेको मस्कको लामो इतिहास छ।

### *यो कसरी सम्भव छ*

यूकेको यूनिभर्सिटी अफ सरीमा अन्तरिक्ष अन्वेषणसम्बन्धी वरिष्ठ लेक्चरर डा सुङ्वू लिमले चन्द्रमामा अखडा बसाउने स्पेसएक्सको योजनालाई 'महत्त्वाकाङ्क्षी' भए पनि असम्भव नभएको बताएका छन्।

"चन्द्रमाको माटो प्रयोग गरेर अक्सिजन, पानी अनि अन्य निर्माण सामग्री बनाउने जुन आधारभूत लक्ष्य छ, त्यो हामीले पृथ्वीमा अहिले नै उपयोग गर्दै आएका औद्योगिक प्रक्रियामै आधारित छ। सिद्धान्ततः त्यसो गर्न सकिन्छ," उनले बीबीसीलाई भने।

अधिक उतारचढाव हुने तापक्रम, त्यहाँका धूलो, न्यून गुरुत्त्वाकर्षण तथा सीमित ऊर्जायुक्त हुने चन्द्रमाको कठोर वातावरणमा ती प्रणालीले भरपर्दो किसिमले काम गर्लान् कि नगर्लान् भन्ने मुख्य चुनौती रहने डा लिमले बताए।

सार्वजनिक खर्च तथा राजनीतिक अवस्थामा भर पर्नुपर्ने हुनाले सरकारी अन्तरिक्ष निकायहरू अलि सावधानीका साथ अघि बढ्ने हुनाले तिनले नयाँ उपायहरूको परीक्षण गर्न समय लिने उनले बताए जब कि स्पेसएक्स चाहिँ 'फरक किसिमले सञ्चालन हुने' उनले बताए।

"उसको नयाँ रकेट प्रणालीले अपेक्षित काम गऱ्यो भने उसले छिटोछिटो र थोरै खर्चमा चन्द्रमामा रकेट पठाउन सक्छ, जसले प्रगतिको गति पनि बढ्छ।"

भारतको जीडी गोएन्का यूनिभर्सिटीको सेन्टर फर एरोस्पेस एन्ड एनर्जी स्टडिजका निर्देशक डा उगुर गुभेनले द्रुत गतिमा आपूर्ति गर्न सकिने तथा आपत्कालीन प्रतिक्रिया गर्न सकिने जस्ता कारणले चन्द्रमामा मङ्गलको तुलनामा केही उल्लेख्य फाइदा रहेको बताए।

"केही बिग्रियो भने र त्यहाँ बस्ती छ भने तपाईंले सहजै तत्काल अर्को मिशन त्यहाँ पठाउन सक्नु हुन्छ," उनले बीबीसीलाई भने। चन्द्रमा पुग्न सामान्यतया "दुईदेखि तीन दिन लाग्ने" बताए।



*चन्द्रमाको सतहमा देखा पर्ने साना खाडलहरू गुफाका मुख भएको वैज्ञानिकहरूको अनुमान थियो*

तथापि 'वास्तवमै आत्मनिर्भर चन्द्र सहर'को निर्माण अझै पनि सुदूर लक्ष्य रहेको डा लिमले बताए।

"पृथ्वीबाट पोषक तत्त्वहरू नलगीकन त्यहीँ तिनको उत्पादन गर्न तथा सबै कुरा पुनर्प्रयोग हुन सक्ने प्रणाली सिर्जना गर्नु निकै जटिल काम हो, जसका लागि दशकौँ लाग्न सक्छ। त्यसैले दृष्टिकोणको हिसाबमा त्यो सम्भव छ तर एकैचोटिभन्दा क्रमैसँग विस्तारै हुन सक्छ।"

त्यसमा सहमति जनाउँछन् अमेरिकाको इन्डियानास्थित यूनिभर्सिटी अफ नोट्र डामका प्राध्यापक क्लाइभ नील। प्राध्यापक नील चन्द्रमाको मानव अन्वेषणको अध्ययन गर्छन्।

"चन्द्रमामा स्रोतहरू निकाल्न आर्थिक रूपमा सम्भव छ भनेर विस्तृत अध्ययन नगरीकन हामीले पहुँचयुक्त तथा निकाल्न सकिने स्रोतहरहित आत्मनिर्भर सहर कसरी बसाल्ने भनेर भन्न सक्दैनौँ," उनले बीबीसीलाई भने।

आगामी १० वर्षभित्र चन्द्रमामा "एउटा सानो पोस्ट" स्थापित गरेर त्यसले आफ्ना लागि आवश्यक अक्सिजन तथा पानी निकाल्न सक्ने सम्भावना "यथार्थपरक" रहेको डा लिमको विश्वास छ। "त्यो ठूलै प्रगति हुने छ," उनले भने।

नासाका पूर्वअन्तरिक्षयात्री तथा हाल म्यासचुसेट्स इन्स्टिट्युट अफ टेक्नोलजीमा एरोनटिक्स तथा एस्ट्रोनटिक्सका प्राध्यापक जेफ्री हफ्म्यानका अनुसार यदि स्पेसएक्स र एमजन संस्थापक जेफ बेजोसको अन्तरिक्ष प्रविधि कम्पनी ब्लु ओरिजिनले सफलतापूर्वक 'लूनर ल्यान्डर्स' (चन्द्रमाको सतहमा अवतरण गर्ने यान) बनाए भने "चन्द्रमामा बसाइने अखडामा बन्दोबस्तीको आपूर्ति गर्न सकिन्छ।"

"तर मङ्गल ग्रह चाहिँ हाम्रा निम्ति अझै टाढाकै विषय हो," उनले बीबीसीलाई भने।

चन्द्रमामा बस्ती बसाल्ने अनुभवले भविष्यमा मङ्गल ग्रहमा अखडा जमाउन मद्दत पुग्ने प्राध्यापक हफ्म्यानले भने।

डा गुभेनले पनि चन्द्रमाले मङ्गलग्रह पुग्ने यात्रालाई सहज बनाइदिनेमा सहमति जनाए।

### *बढ्दो प्रतिस्पर्धा*

यसै दशकभित्र चन्द्रमामा मानवलाई पठाउने दौडमा अमेरिका र चीनबीच प्रतिस्पर्धा छ। सन् १९७२ मा नासाको अपोलो १७ मिशनपश्चात् कुनै मानव चन्द्रमाको सतहमा ओर्लिएको छैन।

स्पेसएक्स कम्पनीले मस्कले नै नेतृत्व गर्दै आएको आर्टिफिशल इन्टेलिजन्स स्टार्टअप कम्पनी एक्सएआईलाई किनेको हालै मस्कले जनाएका थिए। सो सहमतिमा स्पेसएक्स कम्पनीको मूल्य १० खर्ब डलर अनि एआई कम्पनीको मूल्य २.५ खर्ब डलर हिसाब गरिएको थियो।

यो घोषणाले भविष्यमा विशाल परिमाणको एआई कम्प्युटिङका निम्ति आवश्यक हुने डेटा सेन्टरहरू अन्तरिक्षमा स्थापना गर्ने उनको चाहनालाई पनि बल पुग्ने बीबीसीकी न्यूयोर्कस्थित संवाददाता मिशेल फ्लुरी भन्छिन्।

बीबीसी संवाददाताका अनुसार मस्कले उनको कम्पनी स्पेसएक्स - जसका उनी सबभन्दा ठूला शेअरधनी हुन् -लाई स्टक मार्केटमा सूचीकृत गर्न चाहिरहेका छन् र त्यसका निम्ति उनले आफ्ना व्यापारलाई मिलाउँदै छन्।

उक्त कम्पनीको सूचीकरण गर्दा बजारबाट ५० अर्ब डलर उठन् सक्छ, जुन इतिहासकै सबभन्दा विशाल 'पब्लिक अफरिङ' हुन सक्छ।

गत महिना मस्कले अन्तरिक्षमा दश लाख ओटा डेटा सेन्टर राख्न खोजेको र सो कार्यक्रमले एआईको बढ्दो प्रयोगका कारण उत्पन्न हुने माग सम्बोधन गर्ने बताएका थिए।

तर कतिपय विज्ञहरूमाझ अझै आशङ्का कायम छ। अन्तरिक्षमा वायु नहुने हुनाले एआई तथा डेटा-इन्टेन्सिभ कार्य गर्दा ग्राफिक्स प्रोसेसिङ यूनिटहरूलाई चिस्याउन कठिन हुने तिनले बताए।

गत सोमवार एक एक्स प्रयोगकर्ताले सोधेको प्रश्नको जवाफ दिँदै मस्कले यो वर्ष स्पेसएक्सको कुल आम्दानीमध्ये केवल ५% मात्र नासाबाट आएको बताए।

चन्द्रमामा अन्तरिक्षयात्री ओराल्ने नासाको आर्टमिस चन्द्रमा अभियानको निम्ति स्पेसएक्स एक प्रमुख ठेकेदार कम्पनी पनि हो। बीबीसी न्यूज नेपाली

# 'निर्वाचनका लागि कुनै सुरक्षा चुनौती छैन'

दैनिक समाचारदाता

काठमाडौं १२ फागुन। उच्चस्तरीय निर्वाचन सुरक्षा समितिले निर्वाचनका लागि अहिलेसम्म कुनै सुरक्षा चुनौति नदेखिएको निष्कर्ष निकालेको छ। निर्वाचन आयोगमा मंगलबार बसेको उच्चस्तरीय निर्वाचन सुरक्षा समितिको बैठकले निर्वाचनका लागि सुरक्षा व्यवस्था मजबुत रहेको र कुनै चूनौति नदेखिएको निष्कर्ष निकालेको हो ।

बैठकमा सुरक्षा निकायका प्रमुखहरुले निर्वाचनका लागि मुलुकको शान्ति सुरक्षाको अवस्थाका बारे ब्रिफिङ गरेका थिए ।

बैठकमा निर्वाचनका लागि आउनसक्ने सुरक्षा चूनौति र त्यसलाई उचित समाधान गर्ने बिषयमा छलफल भएको निर्वाचन आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए ।



सुरक्षा निकायका प्रमुखहरुले निर्वाचनका लागि शान्ति सुरक्षा मजबुद रहेको र राजनीतिक दलहरुले आफ्नो शान्तिपूर्ण रुपमा गतिविधि गर्नका लागि मतदाताले निर्भयपूर्वक आफ्नो मतदान गर्नका लागि अनुकुल वातावरण रहेको जानकारी गरएको प्रवक्ता भट्टराईले बताए ।

उहाले केहि स्थानमा भएका घटनामा स्थानीय प्रशासनको क्रियाशीलताले कुनै अप्रिय घटना हुन नपाएको र सवैतिरको माहोल निर्वाचनमय हुँदै गएको उल्लेख गरे ।

प्रवक्ता भट्टराईले मतदानका लागि सहज रुपमा घर जान र फर्कनका लागि आयोगले तीन दिन सार्वजनिक बिदा दिन सरकारलाई सिफारिस गरेको र यसबाट मतदानमा सक्रियतापूर्वक सहभागिता हुने विश्वास रहेको बताए ।

# चुनावपछि नेकपा झनै शक्तिशाली हुने : प्रचण्ड

दैनिक समाचारदाता

काठमाडौं १२ फागुन। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले फागुन २१ को निर्वाचनपछि बन्ने सरकारमा पार्टीको भूमिका पहिलेभन्दा झनै फरक हुने बताएका छन्।

आज मंगलबार पार्टी केन्द्रीय कार्यालय पेरिसडाँडामा एमालेनिकट मुक्ति समाज दोलाका नेता कार्यकर्तालाई प्रवेश गराउँदै उनले निर्वाचनपछि बन्ने सरकारमा नेकपाको भूमिका निकै महत्त्वपूर्ण हुने बताएका हुन्। निर्वाचन आउन केही दिनमात्रै बाँकी रहेको अवस्थाका सबै नेता तथा कार्यकर्ताले अझ धेरै मेहनत गरे नेकपा एक नम्बरको पार्टी हुने उनको भनाइ छ।




प्रचण्डले नेकपा गठन भएपछि धुव्रीकरणको नयाँ माहोल बनेको भन्दै फेरि सबै वामपन्थी कम्युनिस्ट एकै ठाउँमा हुने बताए।

प्रचण्डले मतदाताले नेकपालाई वामपन्थी शक्तिको रुपमा हेरिरहेको पनि सुनाए।

# निर्वाचनका लागि तीन दिन बिदा दिइने

दैनिक समाचारदाता

काठमाडौँ, १२ फागुन। सरकारले आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि चिन सरकारद्वारा प्रदान गरिने ४ मिलियन अमेरिकी डलर बरावरको आर्थिक सहायता स्वीकार गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरबारमा आज बसेको बैठकले फागुन २१ गतेको निर्वाचनलाई लक्षित गर्दै तीन दिन सार्वजनिक बिदा दिने निर्णय गरेको गृहमन्त्री एवं सरकारका प्रवक्ता ओमप्रकाश अर्यालले जानकारी दिनुभयो।

मन्त्रिपरिषद्को बैठकले निर्वाचनका लागि फागुन २०,२१ र २२ गते सार्वजनिक बिदा दिने निर्णय गरेको छ।

यस्तै मन्त्रिपरिषद् बैठकले चालू आर्थिक वर्षको विनियोजित बजेटमा उल्लेख भएबमोजिम बुढिगण्डकी जलाशययुक्त जलविद्युत आयोजनाको वित्तीय लगानी ढाँचा स्वीकृत गर्ने निर्णय भएको प्रवक्ता अर्यालले बताउनुभयो।

गृहमन्त्री एवं सरकार प्रवक्ता अर्यालले काठमाडौँ जिल्ला अदालतको जिल्ला न्यायाधीश डा.दिवाकर भट्टलाई उपभोक्ता अदालत काठमाडौँको अध्यक्ष तोक्ने, वि.स २०८३ सालभरि दिइने सार्वजनिक बिदाहरू निर्धारण गर्ने निर्णय भएको जानकारी दिनुभयो।

यस्तै मन्त्रिपरिषद् बैठकले जेनजी परिषद् गठन गर्ने पनि निर्णय गरेको प्रवक्ता अर्यालले बताउनुभयो।

# चुनावमा शान्ति सुरक्षा मजबुत बनाऊ

दैनिक समाचारदाता

काठमाडौं १२ फागुन। राष्ट्रिय मानव अधिकार आयोगले निर्वाचनमा शान्ति सुरक्षालाई मजबुत बनाउन भनेको छ।

आयोगका सहसचिव एवं प्रवक्ता डा.टीकाराम पोखरेलले विज्ञप्ति निकालेर यस्तो आग्रह गरेका हुन्।




२१ फागुनमा प्रतिनिधिसभा सदस्यको निर्वाचन हुँदैन। निर्वाचनको दिन नजिकिँदै गर्दा देशका विभिन्न भागहरूमा भइरहेका गतिविधि तथा घटना र त्यसले देशको शान्ति सुरक्षा र आसन्न निर्वाचनमा पार्न सक्ने प्रभावप्रति आयोगले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। 'पछिल्लोपटक दाङ लगायत विभिन्न जिल्लामा केही दलका कार्यकर्ताबीच सिर्जना भएको विवाद तथा रौतहट(पर्सा लगायत जिल्लामा विभिन्न समूह बीच भएका विवादका कारण निषेधाज्ञा समेत जारी गर्नुपर्ने अवस्था सिर्जना भएका घटनाहरूले निर्वाचनका साथै शान्ति सुरक्षामा थप चुनौती थपिएको देखिएको छ,' विज्ञप्तिमा उल्लेख छ।

राजनीतिक दलका नेता, उम्मेदवार तथा कार्यकर्ताहरूले एक अर्को दल, उम्मेदवार र नेताहरूप्रति व्यक्त गर्ने अमर्यादित तथा घृणायुक्त अभिव्यक्तिले शान्ति सुरक्षा र निर्वाचनको वातावरणमा समेत थप चुनौती सिर्जना हुन सक्ने आयोगले जनाएको छ।

यसैगरी राजनीतिक दलहरू, उम्मेदवार तथा कार्यकर्ताहरूले निर्वाचन आचारसंहिता विपरीत चुनावको प्रचारप्रसार र राजनितिक गतिविधिमा प्रत्यक्ष परोक्ष रूपमा बालबालिकाको प्रयोग गरेको भनेर पनि सरोकारवालाहरूको ध्यानाकर्षण गरेको छ।

# मतदान सकिएको २४ घण्टाभित्र परिणाम सार्वजनिक: आयुक्त भण्डारी

दैनिक समाचारदाता

काठमाडौँ, १२ फागुन। निर्वाचन आयोगले प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको मतपरिणाम मतदान सम्पन्न भएको २४ घण्टाभित्रै सार्वजनिक गर्ने तयारी गरेको छ।

निर्वाचन आयोगले मतदान सकिएलगत्तै मतपेटिका सङ्कलन गरी गणना कार्य द्रुत गतिमा अघि बढाउने योजना बनाएको छ। न्युज एजेन्सी नेपालसँगको कुराकानीमा कार्यवाहक प्रमुख निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले यसपटक प्रतिनिधि सभाको मात्रै निर्वाचन भएकाले परिणाम आउन समय नलाग्ने जानकारी दिनुभयो।

उहाँका अनुसार, समानुपातिक मत परिणाममा एक-दुई दिन लागे पनि प्रत्यक्षतर्फको परिणाम मतपेटिका संकलन भएको २४ घण्टाभित्रै घोषणा गरिने आयोगको तयारी छ।भण्डारीले मतपत्र उपत्यका बाहिर पठाउने काम



सकिएको र काठमाडौँ, ललितपुर तथा भक्तपुरका केही स्थानमा मंगलबार साँझसम्म पुऱ्याइसक्ने गरी काम भइरहेको जानकारी दिनुभयो। साथै, मतदान अधिकृतहरुको तालिम मंगलबार साँझसम्म सम्पन्न हुनेछ र त्यसपछि आवश्यक सामग्री लिएर सम्बन्धित मतदान केन्द्रमा खटिने व्यवस्था भइरहेको बताउनुभयो।

निर्वाचन तयारीका लागि आवश्यक सम्पूर्ण व्यवस्थापन कार्य सम्पन्न भइसकेको र आयोग पूर्ण रूपमा कार्यान्वयनको चरणमा प्रवेश गरेको उहाँले जानकारी दिनुभयो। मतपत्र छपाइदेखि ढुवानीसम्मको जटिल व्यवस्थापकीय काम सम्पन्न भइसकेको र कर्मचारीहरू कार्यक्षेत्रमा खटिएको पनि उहाँले बताउनुभयो।उहाँले हिमाली क्षेत्रमा अस्थायी मतदान केन्द्र निर्धारण गर्ने सन्दर्भमा आयोगले निर्णय गर्न बाँकी रहेको स्पष्ट पार्दै भन्नुभयो कि भौगोलिक विकटता र मौसमको प्रतिकूलतालाई मध्यनजर गर्दै मतदाताले आफ्नो मताधिकार प्रयोग गर्नबाट वञ्चित नहुन आयोग तयार छ। "यदि आवश्यक पऱ्यो भने हामी मतदाताहरू जहाँ हुनुहुन्छ त्यहीं गएर मत सङ्कलन गर्ने निर्णय गर्नेछौं," उहाँले भन्नुभयो।

कार्यवाहक प्रमुख आयुक्त भण्डारीले निर्वाचनको मुखमा सामाजिक सञ्जालमार्फत भ्रामक सूचना फैलाउने काम नगर्न आह्वान गर्नुभयो। साथै, राजनीतिक दलहरूलाई निषेधको राजनीतिमा लाग्न नहुने चेतावनी दिनुभयो। "स्वच्छ प्रतिष्पर्धाबाट मात्र निष्ठावान नेतृत्व चयन हुन्छ," उहाँले भन्नुभयो। उहाँले मतदातालाई सामाजिक सञ्जालमा आउने असत्य समाचारको पछि नलाग्न र तत्काल हटाउन आग्रह गर्नुभयो। प्रतिनिधि सभाको निर्वाचन आगामी फागुन २१ गते बिहान ७ देखि बेलुका ५ बजेसम्म हुने कार्यतालिका तय भइसकेको छ।

# दुर्गा प्रसाईंलाई थुनामुक्त गर्न सर्वोच्चको आदेश

दैनिक समाचारदाता

काठमाडौँ, १२ फागुन। सर्वोच्च अदालतले सर्वोच्च अदालतले राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईं थुनामुक्त गर्न आदेश गरेको छ। न्यायाधीश मनोजकुमार शर्मा र न्यायाधीश मेघराज पोखरेलको इजलासले प्रसाईंको हकमा बन्दीप्रत्यक्षीकरणको आदेश गरेको हो। उनलाई गैरकानुनी रुपमा थुनामा राखिएको दाबीसहित उमा प्रसाईंले गतसाता सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको निवेदन दिएकी थिइन्।

# सिरहामा जनमतका समानुपातिक उम्मेदवार दनुवार नेकपा प्रवेश

दैनिक समाचारदाता

सिरहा, १२ फागुन। जनमत पार्टीका समानुपातिक उम्मेदवार हरेराम दनुवार नेपाली कम्युनिस्ट पार्टी (नेकपा) मा प्रवेश गरेका छन्।

कर्जन्हा नगरपालिका-८ का अध्यक्षसमेत रहेका दनुवार मंगलबार आयोजित एक कार्यक्रमबीच नेकपामा औपचारिक रूपमा प्रवेश गरेका हुन्।

उक्त कार्यक्रममा नेकपाका केन्द्रीय सदस्य एवं सिरहा क्षेत्र नं. ४ का प्रत्यक्षतर्फका उम्मेदवार अजयशंकर नायक, नेता रामचन्द्र ठाकुर र प्रकाश अधिकारीलगायतले दनुवारलाई पार्टीमा स्वागत गरेका थिए।

दनुवारले सिराहा क्षेत्र नं. ४ मा नेकपाका उम्मेदवार नायकलाई विजयी बनाउन आफूले पार्टी प्रवेश गरेको स्पष्ट पारे। विकास, स्थायित्व र राजनीतिक सहकार्यलाई प्राथमिकतामा राख्दै आफूले निर्णय लिएको उनले उल्लेख गरे।

उनले स्थानीय तहदेखि संघीय निर्वाचनसम्म साझा लक्ष्यका साथ अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै क्षेत्रको समग्र विकासका लागि सबै शक्तिहरू एकजुट हुनुपर्नेमा जोड दिए।






'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४